आज मिति २०७९ साल चैत्र महिनाको ८ गते यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन वहादुर सिंह | उप-प्रमुख | |
| ३ | डम्बर वहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | |
| ४ | ~~कनक वहादुर खडका~~ का.वा. ओम ब. खडका | वडा अध्यक्ष वडा नं-०२ | |
| ५ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं-०४ | |
| ७ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | |
| ९ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| १० | ~~लोकेन्द्र वहादुर बोहरा~~ रतन राज जोशी | का.वा. वडा अध्यक्ष वडा नं-०८ | |
| ११ | गोपाल वहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | |
| १२ | पुष्प वहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | |
| १४ | उत्तरा कुइकेल खडका | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | सहिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | दलित महिला सदस्य | |
| १९ | धर्मराज रसाइली | दलित सदस्य | |
| २० | लाल बहादुर सुनार | दलित सदस्य | |
| २१ | लोकेन्द्र बहादुर वि.क. | दलित सदस्य | |
| २२ | अम्मरराज जोशी | सचिव(प्रमुख प्रशाकीय अधिकृत) | |
| २३. | जैन ब० सिंह | स्वास्थ्य संयोजक | |
| २४. | लाल ब० थापा | इन्जिनियर | |
| २५. | सुमन्त कोइराला | सूचना प्र.अ. | |
| २६ | दिपक रजक | योजना अधिकृत | |
| २७ | कमल ब० खड्का | स.चा. | |
| २८ | गोविन्द बहादुर विष्ट | लेखा अधिकृत | |

मिति २०७९-१२-०८ गतेको नगर कार्यपालिकाको वैठकका प्रस्तावहरुः

प्रस्तावः

१. अघिल्लो कार्यपालिकाको बैठकबाट भएको निर्णय कार्यान्वयन सम्बन्धमा ।
२. भू- उपयोग ऐन २०७६ को दफा २०(१) बमोजिम यस ज.न.पा को एक भू- उपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा ।
३. नगर जलस्रोत समिति गठन सम्बन्धमा ।
४. MIS अपरेटर र फिल्ड सहायकको तलबभत्ता श्रोत सहकार्य सम्बन्धमा ।
५. ज.न.पा १ कैलाशमा सन्चालित संस्थागत विद्यालय श्री स्टार एकेडमिलाई तलकोट गा.पा मा स्थानान्तरण गर्ने सम्बन्धमा ।
६. REED Nepal र जनपाको साझेदारीमा तयार पारिएको शिक्षाको विपद प्रतिकार्य योजनालाई अनुमोदन गर्ने सम्बन्धमा ।
७. स्वास्थ्य तर्फको औषधि खरिद।
८. विविधः

मिति २०७९-१२-०८ गतेको नगर कार्यपालिकाको वैठकका निर्णयहरुः

निर्णय नं १

मिति २०७९-११-०८ गते बसेको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुमाथि छलफल गरी कार्यान्वयन नभएका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २

भु-उपयोग ऐन २०७६ को दफा २०(१) बमोजिम यस जयपृथ्वी नगरपालिकाको तपशिल बमोजिमको भू-उपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

नगर प्रमुख- अध्यक्ष

सम्बन्धित वडाको वडा अध्यक्ष-सदस्य

कृषि शाखा प्रमुख-सदस्य

वन वातावरण तथा विपद व्यावस्थापन शाखा प्रमुख- सदस्य

प्राविधिक शाखा प्रमुख-सदस्य

स्थानीय भुउपयोग परिषदले तोकेका सदस्य

१.
२.
३.
४.

प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

निर्णय नं ३

प्रस्ताव नं ३ मा छलफल गर्दा तपशिल बमोजिमको नगर जलस्रोत समिति गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख- अध्यक्ष

वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक-सदस्य

कृषि शाखा प्रमुख- सदस्य

प्राविधिक शाखा प्रमुख- सदस्य

प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

भू-उपयोग व्यवस्थापन तथा जलस्रोत शाखा प्रमुख श्री कलक बहादुर खडका-फोकल पर्सन

निर्णय नं ४

सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस नगरपालिकामा कार्यरत MIS Operator र फिल्ड सहायक पदमा कार्यरत कर्मचारीहरुको ६ महिनाको तलबभत्ता बरावर हुन आउने बजेट आगामी आ.व. २०८०-०८१ को लागि यस जयपृथ्वी नगरपालिकाबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

ज.न.पा-१ कैलाशमा सञ्चालित संस्थागत विध्यालय श्री स्टार एकेडमीलाई तलकोट गा.पा. मा स्थानान्तरणको लागि सहमति दिने निर्णय गरियो ।

निर्णय नं ६

REED Nepal र जयपृथ्वी नगरपालिकाको साझेदारिमा तयार गरिएको शिक्षा विपद प्रतिकार्य योजनालाई अनुमोदन गरियो ।

निर्णय नं ०७

क.) यस नगरपालिका अन्तर्गत वडा नं १ कैलाश स्वास्थ्य चौकी र वडा नं ७ सुवेडा स्वास्थ्य चौकीमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ अनुसार सुरक्षित गर्भपतन साइट स्थापना गरि सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

ख.) आधारभूत स्वास्थ्य सेवा केन्द्र ज.न.पा-०६ नौरामा स्वास्थ्य संस्थामा सुत्केरी गराउन आवश्यक न्यूनतम मापदण्ड पुरा भई सकेकोले प्रसुति सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्ने निर्णय गरियो ।

ग.) जयपृथ्वी नगरपालिका अन्तर्गत वडा नं १० चैनपुरमा जयपृथ्वी सामुदायिक अस्पताल सञ्चालनको लागि अनुमति दिन स्वास्थ्य संस्था सञ्चालन तथा स्तरउन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७७ अनुसार देहायका निकायबाट तपशिल बमोजिमका पदाधिकारी रहने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| १ | नामथर | पद | पद निकाय |
|---|---|---|---|
| २ | डा. दिल बहादुर गुर्धामी | समिति संयोजक | मेडिकल अधिकृत, जिल्ला अस्पताल वझाङ्ग |
| ३ | महेश भारती | समिति सदस्य | ल्याव टेक्निसियन, जिल्ला अस्पताल वझाङ्ग |
| ४ | अनिल खड्का | समिति सदस्य | रेडियोग्राफर, जिल्ला अस्पताल वझाङ्ग |
| ५ | स्नेहा लामिछाने | समिति सदस्य | प.हे.न., जयपृथ्वी नगरपालिका स्वास्थ्य शाखा |
| ६ | रामचन्द्र जोशी | समिति सदस्य | ज.स्वा.नि., जयपृथ्वी नगरपालिका स्वास्थ्य शाखा |

| ७ | नैन बहादुर सिंह | सदस्य सचिव | जनस्वास्थ्य अधिकृत जयपृथ्वी नगरपालिका स्वास्थ्य शाखा |
|---|---|---|---|

घ.)अति आवश्यकीय सूचीका औषधि अभाव भएकाले यस नगरपालिकाको श्रोत र शसर्त अनुदानवाट भुक्तानी हुने गरि अधिकतम रकम रु १०,००,०००।( दश लाख ) सम्मको श्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

विविधः

निर्णय नं ८ (क):

देवल चैतली मेला व्यवस्थापन समितिलाई चैतली मेला व्य वस्थापन गर्नको लागि यस नगरपालिकावाट रकम रु १,५०,०००।(एक लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८ (ख)

तपशिल बमोजिमका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।

| सि.न. | साविक नाम | हाल कायम योजना |
|---|---|---|
| १ | बेतालमाण्डु मेलाखोला सडक निर्माण | वडा कार्यालय कम्पाउन्ड वाल निर्माण |
| २ | लागा मन्दिर घेरबार | शौचालय निर्माण लागा मन्दिर |
| ३ | बालउदय मा.वि. वारिल सडक-वडानं-०८ | वारिल सेली सडकको DPR निर्माण |
| ४ | सुत्केरी एम्बुलेन्स सेवा-वडा नं-०७ | डिलमाडु चौतारा निर्माण |
| ५ | भैरव प्रा.वि. खानेपानी-०३ | भैरव प्रा.वि. घेरबार |
| ६ | डाडाबाग मन्दिर निर्माण-०४ | खापरमाडु मन्दिर निर्माण |
| ७ | विविध कार्यक्रम-वडा नं-०५ | विविध खर्च कार्यालय सञ्चालन |

निर्णय नं ८ (ग)

सडक बत्ती मर्मतका लागि लागेको खर्च सडक बत्ती जडान शिर्षकबाट भुक्तानी गर्ने साथै नयाँ सडक बत्ती जडान गर्ने निर्णय गरियो ।

निर्णय नं ८ (घ)

जयपृथ्वी नगरपालिका वडा नं ०४ मा गोलाईगाड देखि ढाक्रेखोला सम्मको कुलो मर्मत गरेको रु २०००००(दुई लाख) काम भइ सकेको र भुक्तानी हुन बाकीं रहेकाले सो रकम भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८ (ङ)

यस जयपृथ्वी नगरपालिका वडा नं ११ को धामीलेकमा PPC बाटो निर्माण भईरहेको हुदा उक्त कार्यको रकम रु ४,५०,०००। (चार लाख पचास हजार) भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८ (च)

खुडिउन सिचाई कुलो मर्मत सम्भारको कार्य अगाडी बढाईने निर्णय गरियो ।

निर्णय नं ८ (छ)

यस नगरपालिका वडा नं १,२ र ३ को सडक सरसफाई गरेको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८ (ज)

चैनपुर कुलो (पनालदेउ) मर्मत गर्न रकम रु २,५०,०००।(दुई लाख पचास हजार)भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ (झ)**

सुमदिवी मन्दिर देखि सुर्माटोल सम्म नहर निर्माणको रकम रु ३,००,०००।(तीन लाख) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ (ञ)**

जिल्ला तथा नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा खर्च भएको रकम रु १६,५८,०४०।(सोह लाख अठाउन्न हजार चालिस रुपैयाँ ) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ (ट)**

जिल्ला खेलकुद विकास समितिलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड चैनपुरमा सञ्चालनको लागि दिने भनिएको खर्च रकम रु ३,००,०००। (तीन लाख) भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner